# खप्तड छेडेदह गाउँपालिका कोरोना भाइरस राहत मापदण्ड २०७७

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७७।१।१०

## स्थानिय राजपत्र

खप्तड छेडेदह गाँउपालिका

डोगडी, बाजुरा

# खप्तड छेडेदह गाउँपालिका कोरोना भाइरस राहत मापदण्ड २०७७

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७७।१।१०

खप्तड छेडेदह गाउँपालिकामा कोरोना भाइरस(कोभिड १९) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित बासिन्दाहरुलाई दैनिक जीवन यापनका लागि राहत उपलब्ध गराउने गरी कार्यपालिकाबाट भएको निर्णय कार्यान्वयन गर्न यो मापदण्ड तयार गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम खप्तड छेडेदह गाउँपालिका कोरोना भाइरस (कोभिड १९) लकडाउन राहत मापदण्ड २०७७ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकार वा प्रदेश सरकारले लकडाउन घोषणा गरेको अवधि सम्मका लागि लागु हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

(क) असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भन्नाले दैनिक रुपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक कामदार तथा मजदुर सम्झनु पर्छ ।

(ख) असहाय भन्नाले कसैको लालनपालनमा नरही असक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्धार, चर्च वा विश्राममा बस्ने व्यक्ति सम्झनु पर्छ ।

(ग) राहत भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनु पर्छ ।

(घ) स्थानीय तह भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) विद्यार्थी भन्नाले उच्च शिक्षा हासिल गर्नका लागि नेपालका विभिन्न विश्व विद्यालय अन्तर्गतका विद्यालयमा अध्ययन गरी राखेका खप्तड छेडेदह गाउँपालिका स्थायी ठेगाना भएका व्यक्तिहरुलाई सम्झनु पर्छ ।

**३. अभिलेख राख्नु पर्ने :** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरुलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ ।

(क) पसलबाट ग्राहकको घर सम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामाग्री भरिया, तथा सवारी साधन नचल्ने बाटोमा आबश्यक वस्तुहरु ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने व्यक्ति,

(घ) अन्य व्यक्तिको खेतबारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर

(ङ) आफ्नो नातेदार वाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा जेष्ठ नागरिक स्याहार जस्तो सेवा गर्ने व्यक्ति,

(च) गिटी कुट्ने, बालुवा चाल्ने तथा दैनिक ज्यालादारी गरी खाने मजदुर,

(छ) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) दैनिक रुपमा पत्रिका वितरक, साना गाउँ तथा टोलमा संचालित पसले गाडा तथा ठेलामा दैनिक सामान विक्री गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ) देहायका यातायात मजदुर

(१) अन्य व्यक्तिको मालबाहक सवारी तथा डेलीभरी भ्यान चलाउने सवारी चालक, सहचालक,

(२) दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी, जीप, टेम्पो, चलाउने सवारी चालक,

(३) रिक्सा तथा ठेलागाडा चालक,

(४) सवारी साधनको मर्मत संभार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर

(ञ) अन्य व्यक्तिको गारमेन्ट, कार्पेट टेलरिंग, गलैचा बुटा भर्ने तथा कपडा पसलमा दैनिक काम गर्ने मजदुर

(ट) गाउँपालिकामा दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति,

(ठ) लकडाउनका कारणले गर्दा रोजगारी गुमेका एवम कुनै आयश्रोत नभएका व्यक्ति

(ड) उच्च शिक्षा हासिलका लागि अध्ययनरत नेपालका विभिन्न स्थानमा लकडाउनका कारण समस्यामा परेका विद्यार्थी तथा व्यक्ति

(४) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुची १ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई तिन दिन भित्र तयार गरि सार्वजनिक गर्नुपर्नेछ ।

४. राहत वितरण गर्नुपर्ने दफा ३ बमोजिमको लागतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरुलाई सम्बन्धित वडाले अनुसुची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५.राहत सामाग्री :** (१) खाद्य आवश्यकताको आधारमा यस गाउँपालिका भित्रका दलित समुदायका श्रमिक वर्ग तथा असहायहरुको परिवारका लागि देहायका सामाग्री राहत स्वरुप वितरण गरिनेछ ।

(क) चामल ३० किलोग्राम

(ख) दाल ३ किलोग्राम

(ग) नुन २ पाकेट

(घ) खानेतेल २ लिटर

(ङ) सावुन ४ वटा

(च) चिनी २ किलोग्राम

(२) खाद्य आवश्यकताको आधारमा यस गाउँपालिका भित्रका गैरदलित श्रमिक वर्ग तथा असहाय र गाउँपालिकाले राहत वितरण गर्न आवश्यक ठानि आयस्रोतका आधारमा अति विपन्न,विपन्न र सामान्य घरपरिवार भनि वर्गिकरण गरेका घरपरिवारका लागि देहायका सामाग्रीहरु राहत स्वरुप वितरण गर्न सक्नेछ।

(क) अति विपन्न घर परिवारलाई चामल २० किलोग्राम

(ख) विपन्न घर परिवारलाई चामल १५ किलोग्राम

(ग) सामान्य घरपरिवारलाई चामल १० किलोग्राम

(घ) खानेतेल १ लिटर

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवार एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जना सम्म भए उपदफा (१) र (२) बमोजिमको राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक वर्ग तथा असाहाय तथा तिन सँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवधिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन ।

(५)यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उच्च शिक्षा हासिल गर्नका लागि नेपालका विभिन्न स्थानमा रहेका खप्तड छेडेदह गाउँपालिका स्थायी ठेगाना भएका लकडाउनका कारण अलपत्र तथा समस्यामा परेका विद्यार्थी तथा अन्य व्यक्तिहरुलाई पनि एक पटकका लागि राहत सामाग्रीहरु प्रदान गरिनेछ

(६) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आवश्यक ठानि गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिमका व्यक्ति तथा परिवारहरुलाई राहत वितरण गर्न सक्नेछ ।

(७) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखेको भएता पनि गाउँपालिकाले वितरण गर्ने राहतको मापदण्ड गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ र राहतको लागि आवश्यक पर्ने रकम गाउँपालिकाले आवश्यक र उपयुक्त ठानेको शिर्षकबाट गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिम विनियोजन (रकमान्तर) भइ हुनेछ ।

**६. वितरण गर्ने विधि** : (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क) राहत वितरणको लागि सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख) सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकिय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलब्ध गराउन सक्ने स्थानीय आपुर्ति कर्ताबाट मुल्य सुची लिई सो को आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य एकिन गर्ने र उपलब्ध भए सम्मका आपुर्ति कर्ता छनोट गर्ने ।

(३) दफा ३ बमोजिमको लागतमा परेका श्रमिक वर्ग तथा असहायहरुलाई वडा सदस्य वा वडा अध्यक्षले कुपन उपलब्ध गराई उप खण्ड (१) बमोजिमको आपुर्ति कर्ताबाट राहत सामाग्री उपलब्ध गराउने ।

(४) यस मापदण्डमा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यसरी राहत उपलब्ध गराउँदा घरपरिवारको हिसावले गणना गरी उपलब्ध गराईनेछ ।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदन :** (१) सम्बन्धित वडाले वितरणको अनुसुची २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक रुपमा सार्वजनिक गर्नुपर्नेछ । एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसुची ३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ भने आवश्यकताको आधारमा  सम्बन्धित निकाएमा पठाउनु पर्नेछ ।

(३) गाउँपालिकाले राहत वितरणको अनुगमन गर्नेछ ।

**८. कारवाही सम्बन्धी व्यवस्था:** (१) मापदण्ड पुरा नभएका व्यक्तिले झुटा विवरण पेश गरी दोहोरो राहत लिनु हुदैन ।

(२) राहत मापदण्ड र व्यक्ति विवाद भएमा गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य र स्थानीय राजनितकि दलका प्रतिनिधीको रोहोवरमा विवाद टुंग्याउनु पर्नेछ ।

(३) यस मापदण्डको प्रतिकुल हुने गरी राहत वितरणका लागि सिफारिस गर्ने पदाधिकारी सहितलाई समेत प्रचलित कानुन बमोजिम कार्वाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हद सम्मको रकम गाउँपालिकाले निजबाट असुल गर्नुपर्नेछ ।

९.गाउँपालिकाबाट प्रदान गरिएको राहत रकम लकडाउन अवधि भित्र दफा ३ बमोजिम लागतमा समावेश भएका व्यक्तिलाई दफा ५ बमोजिमको राहत सामाग्री व्यवस्थापन कार्यमा खर्च गरी रकम बचत हुन गएमा विपद व्यवस्थापन कोषमा जम्मा  गर्नुपर्नेछ ।

अनुसुची १
(दफा ३ संग सम्बन्धित)
अभिलेखको ढाँचा

राहत प्राप्त गर्ने व्यक्तिको विवरण

१.नाम थर    २. बाबुको नाम    ३.बाजेको नाम:

४. स्थायी ठेगाना    ५. हालको ठेगाना    ६.मोवाईल नं.

७.दैनिक ज्यालादारीमा कार्यरत स्थान    ८.गर्ने गरेको कामको विवरण

९.पेश गरेको कागजातको विवरण (पहिचान हुने परिचयपत्र)

१०.राहत लिने व्यक्तिको सो घोषणा

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमबाट आय आर्जन गरेका छैनौ । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथी पेश गरेको विवरण ठिक साँचो हो व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुला बुझाउँला ।

निवेदक

दस्तखत    औठाको छाप

मिति:

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारी

नाम :    खप्तड छेडेदह गाउँपालिका

दस्तखत :    वडा नं.

पद :

मिति :

अनुसुची २
(दफा ७ को उपदफा १ सँग सम्बन्धित)
खप्तड छेडेदह गाउँपालिका
डोगडी, बाजुरा
वडा नं....................
राहत वितरण अभिलेख

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | राहत विवरण | राहत बुझी लिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

राहत वितरण गर्नेको

नाम :

पद :

दस्तखत :

मोवाईल नं.

अनुसुची ३
(दफा ७ को उप दफा २ सँग सम्बन्धित)
खप्तड छेडेदह गाउँपालिका
डोगडी, बाजुरा
प्रतिवेदनको ढाँचा

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

राहत वितरण गर्नेको

नाम :

पद :

दस्तखत :

मोबाईल नं.